# बटेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बटेश्वर, धनुषा
प्रदेश नं. २ नेपाल

प.सं. योजना २०७५/०७६
च.नं. ६२

मिति :- २०७५/१२/३

विषयः- योजना/कार्यक्रम संचालन सम्वन्धमा ।

श्री सवै वडा कार्यालयहरु (१-५)
बटेश्वर गाउँपालिका ।

उपरोक्त सम्वन्धमा दोस्रो गाउँसभाबाट स्वीकृत चालु आ.व.२०७५।०७६ का पहिलो र दोस्रो चौमासिक भित्र सम्पन्न गर्नु पर्ने भनी तोकिएका वडास्तरीय तथा गाउँपालिका स्तरीय विकास निर्माणका योजनाहरु समय मै सम्पन्न गर्नको लागि मिति २०७५।९।९ पठाईएको पत्रमा २०७५ पौष ३० गते भित्र के कुन योजना कुन विधिबाट सम्पन्न गर्ने हो विधि तोकी (जस्तैः सिधै खरिद/दरभाउपत्रबाट खरिद/शिलबन्दी दरभाउपत्रबाट खरिद/उपभोक्ताबाट संचालन गर्ने वा बोलपत्रको माध्यमबाट संचालन गर्ने) समय मिलाई तोकिएका प्राविधिक कर्मचारीहरुबाट विहान वेलुका समेत समन्वय गरी स्टीमेट, डोईङ डिजाईन र मूल्यांकन गर्ने काम गराई पेश गर्नु हुन लेखिएको पत्र प्राप्त भएकै होला ।

सो अनुसार पहिलो र दोस्रो चौमासिक भित्र सम्पन्न हुनु पर्ने भनी तोकिएका केही योजना हाल सम्म कुन योजना कुन विधिबाट सम्पन्न गर्ने भनी उल्लेख भई नआएका कारण संचालन हुन नसकेको, तेस्रो गाउँ सभा बाट केही योजना परिमार्जन तथा संशोधन समेत भएको अवस्था भएको र तेस्रो चौमासिक अवधि समेत शुरु भई सकेको हुदाँ यो आर्थिक वर्ष भित्र सम्पन्न गर्न तोकिएको सबै योजना के कुन विधिबाट सम्पन्न गर्ने हो निर्णय गरी उपभोक्ता समितिबाट संचालन गरिने योजना भए ७ दिन भित्र उपभोक्ता समिति गठन गरी सवै प्रक्रिया पुरयाई सम्झौताको लागि पेश गर्नु हुन तेस्रो गाउँ सभाबाट भएको योजना परिमार्जनको छायाँप्रति यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

७५।१२।३
राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः-
श्री संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रालय
योजना तथा अनुगमन शाखा, सिंहदरबार, काठमाडौं ।
श्री अध्यक्ष ज्यू
श्री उपाध्यक्ष ज्यू
श्री योजना शाखा
श्री प्राविधिक शाखा : तोकिए बमोजिम समय मिलाई समयमा नै योजना सम्पन्न कार्य गर्नु गराउन हुन ।
श्री आर्थिक प्रशासन शाखा
श्री सूचना प्रविधि शाखा : सवैको जानकारीको लागि वेवसाईटमा अपलोड गर्नु हुन ।
बटेश्वर गाउँपालिका, धनुषा ।